# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं आश्विन ५ गते २०१० साल


## भाग २

### सिभिल सप्लाइजविभागको सूचना

कोटाको धागो निर्धारित मोलमा नबढाई आफुखुशी बिक्री वितरण गराइने भएकोले कोटा र एडहक कोटाको इम्पोर्टरहरूलाई, यो सूचनाद्वारा सूचित गर्ने काम भएको छ। अतः उपरोक्त लेखिएबमोजिम कोटा र एडहक कोटाको धागो पैठारी गरी यस विभागमा मोल निर्धारित गराई आजसम्ममा बाँकी रहेको जति सो निर्धारित मोलमा नबढाई इम्पोर्टर रिटेलरहरूले आफुखुशी बिक्री वितरण गर्नुहोला र मोल निर्धारित गराई नसकेको भए आगामी १० साल आश्विन २० गतेभित्रमा मोल निर्धारित गर्न सो धागोको चाहिने बिल बिजक इत्यादि कागजात ली यस सिभिल सप्लाइज विभागमा आउनुहोला र मोल निर्धारित भएपछि निर्धारित भएको मोलमा नबढाई आफुखुशी बिक्री वितरण गर्न पाउनु-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

हुनेछ । निर्धारित भएको मोलमा बढाई बिक्री वितरण गरेको ठहरे कालो बजार कानूनबमोजिम सजाय हुनेछ र मोल निर्धारित गर्नुपर्ने बाँकी रहेको धागो दर रेट गराउन १० सात आश्विन २० गतेभित्र बिल बीजकसमेत चाहिने कागजात ली आउनुभएन भने ऐन सवालबमोजिम हुनेछ ।

आज्ञाले

नीरराज,

सेक्रेटरी— उद्योग र वाणिज्यमन्त्रालय.

---

गोरखापत्र छापाखानामा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

६४